# कार्यस्थलमा आधारित तालिम संचालन निर्देशिका

(Worked Based Training Guidlines)



प्रकाशक

**नेपाल उद्योग वाणिज्य महासंघ**

टेकू, काठमाडौं

फोन:-५३६२२१८, ५३६२०६१

इमेल:- fncci@mos.com.np

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

P.O. Box: 269
Sahid Sukra
FNCCI Milan Marg, Pachali
Teku, Kathmandu, Nepal
Tel.: 4262061, 4262218, 4266889
Fax: 977-1-4261022, 4262007
E-mail: fncci@mos.com.np
http://www.fncci.org

## प्राक्कथन

श्रम बजारमा सीपयुक्त जनशक्तिको माग र आपूर्ति बीच mismatch को स्थिति रहेकाले उद्योग प्रतिष्ठानले आफ्नो आवश्यकता अनुसार प्रशिक्षार्थीको रुपमा कामदार लिई प्रतिष्ठानमै सीप सिकाउने प्रचलन बढ्दै गएको छ । कार्यस्थलमा आधारित यस किसिमको अभ्यास सीपविकास र रोजगारी सुनिश्चित गर्न निकै उपयोगी र प्रभावकारी मानिन्छ । व्यवस्थित ढंगले तालिम संचालन गर्न कार्यस्थलमा आधारित तालिमको सम्बन्धमा नेपालमा निश्चित कार्यविधि एवम् निर्देशिका नभएकोले तालिमको प्रमाणिकरण र गुणस्तर यकिन गर्न समस्या रहेको छ । कार्यस्थलमा आधारित तालिम व्यवस्थित एवम् निश्चित मापदण्डको आधारमा संचालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघले अन्तराष्ट्रिय श्रम संगठन, नेपाल कार्यालयको सहयोगमा **कार्यस्थलमा आधारित तालिम संचालन निर्देशिका** तयार गरेको उल्लेख गर्न पाउंदा निकै खुशी लागेको छ ।

कार्यस्थलमा आधारित तालिमको अवधारणा उद्देश्य तालिम संचालन सम्बन्धी आधारभूत व्यवस्था एवम् प्रकृयाका साथै तालिमको अनुगमन, मुल्याकंन, प्रमाणिकरण आदि विषयवस्तु समावेश गरी तयार गरिएको प्रस्तुत निर्देशिका कार्यस्थलमा आधारित तालिम संचालन गर्ने तालिम केन्द्र, उद्योग प्रतिष्ठान एवम् उद्योग प्रतिष्ठानको प्रतिनिधित्व गर्ने उद्योग वाणिज्य संघ तथा वस्तुगत संघ सबैका लागी सहयोगी एवम् उपयोगी हुने विश्वास सहित कार्यस्थलमा आधारित तालिमलाई सफल बनाउन यो निर्देशिकाको प्रयोग गर्न सम्बन्धित सवैमा अनुरोध गर्दछु ।

यो निर्देशिका तयार गर्न महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकालले गर्नु भएको पहलका लागि विशेष धन्यवाद ज्ञापन गर्दछु । आफना सल्लाह सुझाव दिएर सहयोग गर्नुहुने महासंघका महानिर्देशक श्री गोकर्णराज अवस्थी, निर्देशिका लेखन गर्ने महासंघका वरिष्ठ विज्ञ श्री हंसराम पाण्डेय र यस निर्देशिका तयार गर्न सहयोग गर्ने अन्तर्राष्ट्रिय श्रम संगठन नेपाल कार्यालयका राष्ट्रिय कार्यक्रम संयोजक श्री सौरभराम जोशीलाई धन्यवाद दिन चाहान्छु । यो निर्देशिका तयार गर्ने क्रममा आवश्यक व्यवस्था सहित सहयोग पुर्‍याउनु हुने महासंघका उपनिर्देशक श्री विदुरचन्द्र लामिछानेलाई पनि धन्यवाद दिन चाहान्छु ।

साथै निर्देशिका तयार गर्न सहयोग गर्ने सवै विज्ञ, सदस्य संघ संस्थाका पदाधिकारी एवं प्रतिनिधिहरुप्रति पनि आभार प्रकट गर्दछु ।

(चन्द्र प्रसाद ढकाल)
अध्यक्ष

**मिति २०८०/१०/०२**

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

## धन्यवाद

उद्योग प्रतिष्ठानको आवश्यकता अनुसार सीपमुलक तालिम संचालन हुन नसकेको कारण श्रमबजारमा सीपयुक्त जनशक्तिको माग र आपूर्ति वीच ठुलो फरक रहने गरेको छ । उद्योग प्रष्ठिानले आफ्नो आवश्यकता अनुसार कार्यस्थलमै राखी सीप सिकाई रोजगारी दिने प्रचलन र महत्व बढ्दै गएको छ ।

प्रतिष्ठान र तालिम दिने संस्थाले कार्यस्थलमा आधारित तालिम संचालन गर्न कुनै निश्चित निर्देशिका वा मार्ग दर्शन नभएको कारण कार्यस्थलमा आधारित तालिमको गुणस्तर, मान्यता र स्तर निर्धारणमा कठिनाई रहेको दृष्टिगत गरी महासंघले अन्तराष्ट्रिय श्रम संगठन ९क्षिइ०, नेपाल कार्यालयको सहयोगमा **"कार्यस्थलमा आधारित तालिम संचालन निर्देशिका"** तयार गर्न पहल गरेको हो ।

कार्यस्थलमा आधारित तालिम संचालन गर्ने क्रममा तालिम दिने प्रतिष्ठान वा तालिम प्रदायी संस्थाले अवलम्बन गर्नुपर्ने विधि, प्रकृया र क्रियाकलाप समावेश गरी तयार भएको यो निर्देशिका कार्यस्थलमा आधारित तालिम संचालन गर्ने सबै संस्थाका लागि निकै उपयोगी र सहयोगी हुने अपेक्षा गरेको छु ।

यो निर्देशिका तयार गर्ने क्रममा आवश्यक राय सुझाव दिनुहुने त्रिपक्षीय समितिका सदस्यहरू, महासंघका महानिर्देशक श्री गोकर्णराज अवस्थी, निर्देशिका लेखन गर्ने महासंघका वरिष्ठ विज्ञ श्री हंसराम पाण्डेय, निर्देशिका प्रकाशनको लागि सहयोग गर्ने अन्तराष्ट्रिय श्रम संगठन, आइएलओका श्री सौरभ राम जोशी र महासंघका उपनिर्देशक श्री विदुरचन्द्र लामिछानेलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा **"कार्यस्थलमा आधारित तालिम संचालन निर्देशिका"** तयार गर्न हामीलाई सहयोग गर्ने वस्तुगत परिषद्का उपसभापतिहरु, सदस्यहरु, सल्लाहकार, हामीले बोलाएको हरेक कार्यक्रममा आएर हामीलाई महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सवै सदस्य संघका पदाधिकारीज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**हेमराज ढकाल**
**सभापति**
**वस्तुगत परिषद् एवं**
**उपाध्यक्ष,नेपाल उद्योग वाणिज्य महासंघ**

मिति २०८० माघ ५

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION. Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
ई-मेल : fncci@mos.com.np

STOP Child Labour

# तालिम निर्देशिकाको प्रयोग सम्बन्धमा

कार्यस्थलमा आधारित सीप मुलक तालिमको आवश्यकता महसुश गरी उद्योग प्रतिष्ठान आफै वा उद्योगको प्रतिनिधित्व गर्ने संस्थाले विभिन्न विषय र क्षेत्रमा छोटो तथा लामो अवधिको तालिम संचालन गर्दै आएको पाईन्छ । कार्यस्थलमा आधारित तालिम संचालन सम्बन्धमा कुनै कार्यविधि वा निर्देशिका⁄मार्गदर्शन नभएकोले उद्योगहरुले आफ्नो आवश्यकता र अनुकुलता हेरी रोजगारीमा प्रवेश गर्नेलाई तालिम दिने गरेको पाईन्छ ।

कुनै निश्चित मापदण्ड र प्रकृयाको अवलम्वन नगरी दिईने तालिमको गुणस्तर, मान्यता, प्रमाणिकरण र सीप परीक्षण गराउने समस्या पनि देखिएको छ । कुनै पनि तालिमको मान्यताको लागि तालिम संचालन प्रकृया, पाठयक्रम, सिकाईको तरिका, तालिम अवधि, मूल्याङ्कन पद्दतिले विशेष महत्व राख्दछ । तालिम संचालन गर्ने तालिम केन्द्र र उद्योग⁄प्रतिष्ठानले आपसी सम्झौता र समन्वय गरी कार्यान्वयनमा आधारित तालिम संचालन गर्दा तालिम बढी प्रभावकारी यसको उपादेयता बढ्न जाने हुंदा तालिम केन्द्र वा तालिम प्रदायी संस्था र रोजगारदाता प्रतिष्ठानको सहकार्यमा जोड दिइएको छ । कार्यस्थलमा आधारित तालिम संचालन गर्ने तरिका र प्रकृयाका वारेमा जानकारी प्राप्त गर्न सहयोग पुगोस भन्ने उदेश्यले अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा यस महासंघले नेपाल सरकार, रोजगारदाता र ट्रेड यूनियन तीनै पक्षको प्रतिनिधित्व रहेको समितिको सल्लाह र सुझाव समेत लिई “कार्यस्थलमा आधारित तालिम संचालन निर्दे शिका २०८०” तयार गरिएको हो । यो निर्देशिकामा उल्लेख गरिएको विधि, प्रकृया र मापदण्ड पूरा गरी तालिम केन्द्र, उद्योगको प्रतिनिधित्व गर्ने संस्था र उद्योगहरुलाई तालिम संचालन गर्न सल्लाह दिन चाहान्छौं । यसबाट कार्यस्थलमा आधारित तालिमलाई प्रमाणिकरण, व्यवस्थित र विश्वसनीय वनाउन तथा तालिम कार्यक्रम संचालनमा एक रुपता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**नेपाल उद्योग वाणिज्य महासंघ**

# विषयसूची :


| | | पेज नं. |
|---|---|---|
| १. | परिचय | 8 |
| १.१ | पृष्ठभूमि | 8 |
| १.२ | कार्यस्थलमा आधारित तालिमको अवधारणा | 8 |
| १.३ | तालिम निर्देशिका | 9 |
| २. | कार्यस्थलमा आधारित तालिमको उद्देश्य र विशेषताः | 10 |
| २.१ | तालिमको आवश्यकता | 10 |
| २.२ | तालिमको उद्देश्य | 10 |
| २.३ | तालिमको किसिम | 10 |
| २.४ | तालिमको अवधि | 10 |
| २.५ | तालिमको गुणस्तर | |
| २.६ | तालिम संचालनमा रोजगारदाता वा प्रतिष्ठानको भूमिका | 11 |
| २.७ | तालिमको मान्यता | 11 |
| २.८ | तालिम संचालन प्रकृया एवं रुपरेखा | 11 |
| ३. | तालिम संचालनको लागि चाहिने आधारभूत कुराहरुः | 12 |
| ३.१ | आवश्यक जनशक्ति | 12 |
| ३.२ | भौतिक सुविधा | 12 |
| ३.३ | तालिमको आवश्यकता अध्ययन | 12 |
| ३.४ | तालिमको पाठ्यक्रम | 12 |
| ३.५ | तालिम पुस्तिका र प्रशिक्षकको उपलब्धता | 12 |
| ४. | तालिम संचालन सम्बन्धी क्रियाकलापहरुः | 13 |
| ४.१ | तालिम संचालन योजना | 13 |
| ४.२ | कार्यस्थलमा आधारित सिकाईको तयारी | 13 |
| ४.३ | कार्यस्थल तालिम संचालनको लागि ध्यान दिनु पर्ने कुराहरु | 13 |
| ४४ | कार्यस्थल तालिमको लागि उद्योग छनौट र जांच सूची | 14 |
| ४.५ | तालिम संचालन सम्बन्धी सार्वजनिक सूचना | 14 |
| ४.६ | तालिमको लागि प्राप्त दरखास्तको अध्ययन एवं प्रशिक्षार्थी छनौट | 14 |
| ४.७ | प्रशिक्षार्थी छनौट पद्धति | 15 |
| ४.८ | प्रशिक्षार्थी छनौट गर्ने समितिको गठन | 15 |
| ४.९ | प्रशिक्षार्थी छनौट अनुगमन | 15 |
| ४.१० | तालिम अनुगमन समिति गठन र अनुगमन गर्नुपर्ने | 15 |
| ४.११ | तालिमको लागि प्रशिक्षक छनौट | 16 |
| ४.१२ | तालिम संचालन खर्च | 16 |
| ४.१३ | तालिमको मिति, स्थान निर्धारण र द्विपक्षीय सम्झौता | 16 |
| ४.१४ | कक्षा कोठा र व्यवहारिक सीप सिकाईको व्यवस्था | 16 |
| ४.१५ | मुल्यांकन/परीक्षा | 16 |
| ४.१६ | प्रमाणपत्र वितरण | 16 |

५. <u>तालिम सम्पन्न पछिका गतिविधिः</u> 17

५.१ सीप परीक्षण 17
५.२ सम्बन्धित उद्योग/प्रतिष्ठानलाई रोजगारीको निमित्त सिफारिस 17
५.३ तालिम अनुगमन समिति गठन र अनुगमन 17
५.४ तालिम लिएका व्यक्तिले रोजगारी प्राप्त गरेको अभिलेख राख्ने 17
५.५ तालिम कार्यक्रमबाट रोजगारी र उद्योग, श्रम बजारमा परेको प्रभावको विश्लेषण गर्ने 17

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमिः

श्रम बजारको आवश्यकता र स्वरुपमा निरन्तर परिवर्तन भईरहेको छ । नयां नयां प्रविधिको प्रयोग र कामको प्रकृतिमा भईरहेको परिवर्तनले नयां सीपयुक्त जनशक्तिको माग हुने गरेको छ । श्रम बजारको माग अनुसार जनशक्ति विकास नहुंदा एकातिर श्रम बजारमा दक्ष र सीपयुक्त जनशक्तिको अभाव देखिन्छ भने अर्कोतर्फ तालिम लिएका व्यक्तिले काम नपाउने अवस्था रहन्छ । श्रम बजारमा माग र आपूर्तिका बीच देखिने यस किसिमको वेमेल Mismatch को स्थितिको अन्त गर्न श्रम बजारको मागअनुसार तालिम संचालन गर्नुपर्छ भन्ने मान्यताले बढी महत्व पाउदै गएको छ ।

नेपालको श्रम वजारमा श्रमिकको आपूर्ती माग भन्दा निकै उच्च छ । श्रम वजारमा रोजगारीको खोजी गर्नेमा युवाहरुको संख्या निकै वढी छ । श्रम वजारमा क्रियाशिल जनशक्ति मध्ये करिव २० प्रतिशत युवाहरु वेरोजगार, रहेको तथ्याङ्क देखिन्छ । यस्को कारण श्रम वजारमा काम नभएको मात्र नभई कामको खोजी गर्नेहरुमा रोजगारदाताले खोजेको सीप नहुनु पनि हो ।

श्रम वजारको मागमा आधारित सीपमूलक तालिम संचालन गर्नुपर्ने विषयमा छलफल हुने गरेपनि यसतर्फ ठोस सुधार हुन सकेको छैन । काममा आधारित व्यवसायिक तालिम दिने कुरा १५ औ योजनामा उल्लेख गरिएको भएपनि कुन कुन क्षेत्रमा कस्तो modality मा तालिम संचालन गर्ने, सो कुरामा स्पष्टता नभएकोले यसतर्फ खासै प्रगति भएको छैन ।

श्रम वजारमा विद्यमान सीपयुक्त जनशक्तिको माग र आपूर्ति वीचको भिन्नता Skill Mismatch को स्थितिलाई संवोधन गर्न रोजगारदाता आफैले आफ्नो आवश्यकता अनुसार तालिम संचालन गर्नुपर्ने देखिन्छ । प्रविधिमा हुने परिवर्तन र प्रयोगले कामदारले गर्नुपर्ने काम पनि फरक हुने भएकाले रोजगारदाताले आफ्नै अग्रसरतामा कार्यस्थलमै राखेर तालिम दिनुपर्ने र मौजुदा जनशक्तिलाई पुन तालिमको आवश्यकता वढन गएको छ । प्राविधिक तालिम संचालन गर्ने र तालिम प्रदायी संस्थाले उद्योगको मागमा परिवर्तन हुने वित्तिकै सीपयुक्त जनशक्ति उत्पादन गर्न नसक्ने भएकाले पनि कार्यस्थलमा आधारित तालिमको महत्व र आवश्यकता वढन गएको छ ।

रोजगारदाताले दिने तालिम वास्तविक रुपमा गर्नंपर्ने काम र रोजगारीमा आधारित हुने भएकाले यस किसिमको तालिमले रोजगारदातालाई आवश्यक पर्ने श्रमशक्तिको अभाव पूरा गर्न र काम गर्न चाहनेलाई रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुका साथै रोजगारी सुनिश्चित हुने भएकाले कार्यस्थलमा आधारित तालिममा जोड दिन थालिएको छ ।

## १.२ कार्यस्थलमा आधारित तालिमको अवधारणा

काम गराउदै सीप सिकाउने तरिका परम्परागत रुपमा चल्दै आएको छ । यसले एउटावाट अर्को व्यक्तिलाई सीप हस्तान्तरण हुने गर्दछ । यस्तो सिकाईको लागि सिकारुले कार्यस्थलमा वसी अग्रजवाट सीप वा काम गर्ने तरिका सिक्ने गर्दछन् । कार्यस्थलमा आधारित सीप सिकाईलाई व्यवसायिक शिक्षाको रुपमा लिई प्राविधिक शिक्षाको अंग वनाउने काम १९६० को दशकबाट शुरु भई यसलाई व्यवस्थित, गुणस्तरीय वनाई मान्यता प्रदान गर्न थालिएको छ । कार्यस्थलमा आधारित तालिम बजारमूखी व्यवसायिक तालिमको रुपमा लिने गरिएको छ । यस किसिमको तालिमले उद्योग वा प्रतिष्ठानलाई आवश्यक पर्ने सीपयुक्त जनशक्तिको आवश्यकता पूरा गर्न सहयोग पुग्नुको साथै तालिम लिने व्यक्तिलाई जीवन पर्यन्त सिकाई र रोजगारीको लागि योग्य हुने अवसर प्रदान गर्दछ ।

श्रम वजारमा उद्योगले खोजेको जस्तो सीप सिकेको व्यक्ति उपलब्ध नहुने र व्यवसायिक वा प्राविधिक विषयको तालिम प्राप्त व्यक्तिमा भएको सीप उद्योगको लागि पर्याप्त र मेल नखाने गरेकाले उद्योग आफैले प्रशिक्षार्थीको रुपमा भर्ना गरी तालिम दिने गरेको पाईन्छ । यस किसिमको तालिमको उद्देश्य उद्योग प्रतिष्ठानले आफ्नो आवश्यकता अनुसार तालिम अवधि तय गरी सीप सिकाउने गरिन्छ ।

नयां कामदार वा प्रशिक्षार्थीलाई कार्यस्थलमा काम सिकाउने अभ्यास वढदै गएको छ । यसले उद्योग प्रतिष्ठान र तालिम लिने दुवैलाई फाईदा पुग्नुको साथै साधन र श्रोतको उच्चतम प्रयोग र श्रम वजार क्रियाशिल राख्न पनि मद्दत पुग्ने गर्दछ ।

## १.३ तालिम निर्देशिकाः

धेरै जसो मुलुकमा श्रम बजार र उद्योग प्रतिष्ठानको माग अनुसारका व्यवसायिक क्षेत्र, पेशा वा कामको विषयमा कार्यस्थल वा काममा आधारित सीप सिकाई वा तालिम दिने काम भईरहेको पाइएता पनि निर्धारित प्रकृया र मापदण्ड अपनाई कार्यस्थलमा आधारित तालिम संचालन निकै कम हुने गरेको पाईन्छ । तालिम प्रदान गर्ने संस्था उद्योग/प्रतिष्ठान वा व्यवहारिक सीप सिकाईको लागि तालिम वा प्रशिक्षार्थी लिने संस्थाले निश्चित प्रकृया र मापदण्डको आधारमा कार्यस्थलमा आधारित तालिम कार्यक्रम संचालन गर्ने पद्धतिको विकासमा जोड दिन थालिएको छ। तालिम दिने संस्था, उद्योग प्रतिष्ठान र उद्योग प्रतिष्ठानको प्रतिनिधित्वि गर्ने संस्थाले कार्यस्थलमा आधारित तालिम संचालन गर्दा एक रुपता कायम गर्न र तालिमको गुणस्तर तथा विश्सनीयता कायम गर्न सहयोग पुगोस भन्ने उद्देश्यले कार्यस्थलमा आधारित तालिम संचालन निर्देशिका (Work Based Training Guidelines) को आवश्यकता भएको हो ।

# परिच्छेद २

# कार्यस्थलमा आधारित तालिमको उद्देश्य र महत्वः

## २.१ कार्यस्थलमा आधारित तालिमको आवश्यकताः

सीपयुक्त जनशक्ति विकास र रोजगारदाताको आवश्यकताको लागि कार्यस्थलमा आधारित तालिमको आवश्यकता वढदै गएको छ । रोजगारदाताहरु आफूलाई आवश्यक पर्ने सीप आफै सिकाउने अभ्यासमा लागेका पनि छन । सीप सिक्न चाहने व्यक्तिले पनि कार्यस्थलमै गएर सीप सिक्न पांउदा रोजगारी सुनिश्चित हुने ठान्दछन् ।

तालिम कार्यक्रम व्यवस्थित ढंगले संचालन गर्नंपर्छ भन्ने मान्यता र अभ्यास बढ्दै गएको छ । योजनावद्ध तरिकाले रोजगार दाता र तिनीहरुका संस्थालाई संलग्न गराई कार्यस्थलमा संचालन हुने तालिम वा सीप सिकाईले प्रशिक्षार्थीले सम्बन्धित कामको राम्रो सिकाई हुने र तालिम पश्चात रोजगारी प्राप्त गर्ने सुनिश्चिता प्रदान गर्दछ, साथै यस किसिमको तालिम कार्यक्रमले उद्योग/प्रतिष्ठानलाई आफूलाई आवश्यक पर्ने जनशक्ति विकास गर्न पनि सहयोग पुग्छ ।

## २.२ कार्यस्थलमा आधारित तालिमको उद्देश्यः

कार्यस्थलमा आधारित तालिमको मुख्य उद्देश्य काम वा रोजगारीमा जाने व्यक्तिले गर्नुपर्ने कामको (Real work) विषयमा व्यवहारिक सीप सिकाउनु हो । साथै कार्यस्थलमा आधारित तालिमको अवधारणाले व्यवहारिक सिकाईमा जोड दिनुको साथै सीप सिकाईको लागि उद्योग/प्रतिष्ठान, तालिम प्रदायी संस्था, रोजगारदाता संस्था र सवै सरोकारवालाको साझेदारीलाई विशेष जोड दिएको छ ।

## २.३ तालिमको किसिम

कार्यस्थल सिकाईका विभिन्न प्रकार मध्ये Apprenticeship, Traineeship, Internship र On the job training लाई मुख्य रुपमा गणना गरिन्छ । कार्यस्थलमा आधारित तालिम, उद्योग वा कार्यस्थलको साथै कक्षा कोठामा राखि सैद्धान्तिक ज्ञान दिने र उद्योग वा कार्यस्थलमा राखी व्यवहारिक सीप सिकाउने गरिन्छ । कार्यस्थल सिकाई भनेकै व्यवहारिक सीप सिकाउने भएकोले यस किसिमको तालिम वढी कार्यस्थलमा केन्द्रीत भई संचालन गरिन्छ । कक्षा कोठामा दिईने सैद्धान्तिक ज्ञान र कार्यस्थलमा सिकाईने सीपको अनुपात मिलाई तालिम दिने गरिन्छ ।

## २.४ तालिमको गुणस्तर

तालिमको गुणस्तर महत्वपूर्ण पक्ष हो । गुणस्तर नभएको तालिमको कुनै अर्थ रहदैन, तालिमवाट सिक्नु पर्ने काम वा सिकाई भयो भएन त्यो यकिन गर्नुपर्दछ । तालिमलाई गुणस्तरीय वनाउन तालिम दिने संस्थाले खास गरी उद्योग प्रतिष्ठानले विशेष ध्यान दिनु जरुरी हुन्छ । तालिमको गुणस्तर कायम गर्ने केही निश्चित प्रकृया र पद्धति छन, ती प्रकृयालाई अवलम्वन गरी संचालन गरिने तालिमले गुणस्तर कायम गर्न मद्दत पुग्छ ।

## २.४ तालिमको अवधी :

सीपमुलक तालिमको अवधी कति हुने भन्ने कुरा सीप सिकाईको विषय, गर्नुपर्ने कामको प्रकृति, रोजगारदाताको आवश्यकताले निर्धारण गर्दछ । सामान्यतया छोटो अवधिको तालिम १ महिना देखी ३ महिना अवधिको लागि संचालन गरिन्छ । कार्यस्थलमा आधारित तालिमको अवधि कम्तिमा ३ महिना हुनुपर्ने विज्ञहरुको सुझाएका छन् । तथापी तालिमको अवधि कति हुने यस सम्वन्धमा तालिम दिने संस्था र रोजगारदाताले छलफल गरी तय गर्न सकिन्छ । कार्यस्थलमा आधारित तालिमको गुणस्तर सुनिश्चित गर्न देहाय बमोजिमका विषयमा ध्यान दिनु पर्दछ :

- सीप सिकाई चरणवद्ध तरिकाले हुनुपर्छ, जस्तो कुन कामको लागि तालिम दिईने हो सो को जानकारी गर्नुपर्ने, काम के के हुन त्यसको विवरण र सो सम्बन्धी सीप सिकाईको तयारी गर्नुपर्ने ।
- कक्षा कोठामा पाठ्यक्रमसंग सम्बन्धित सिकाईको उद्देश्य स्पष्ट हुनु पर्ने छ ।
- कार्यस्थल तालिम वा सिकाई अन्तरगत वढी से वढी उद्योग क्षेत्र र पेशा वा कामका विषयमा जानकारी दिनु पर्ने ।

- सिकाईको विषयवस्तुको स्तर र उद्योग वा कामको स्तरसंग मिलान भएको हुनुपर्ने ।
- रोजगारदाता, तालिम दिने संस्थाको भूमिका र काम स्पष्ट उल्लेख गरी उनीहरु वीच सहकार्य र समन्वय हुनुपर्ने ।
- तालिम कार्यक्रम संचालनको अवधी कति सम्म हुने । कुन तहसम्मको तालिम दिने त्यो स्पष्ट हुनु पर्दछ ।
- तालिमको क्रममा प्रशिक्षार्थीहरुलाई सिकाईको विषयमा अन्तरक्रिया गर्ने र प्रस्तुत गर्ने अवसर प्रदान गर्नुपर्छ ।

## २.६ कार्यस्थल तालिम संचालनमा रोजगारदाताको भूमिका :

कार्यस्थलमा आधारित तालिम संचालन गर्न रोजगारदाताको संलग्नता अनिवार्य र महत्वपूर्ण छ । कार्यस्थलमा आधारित तालिमको सफलता र प्रभावकारिताका लागि रोजगारदाताले देहाय बमोजिमको जिम्मेवारी र भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

(क) प्रतिष्ठानलाई आवश्यक पर्ने कामदार भर्ना र भर्ना गरिएका वा तालिमेको रुपमा लिइने व्यक्तिको तालिम आवश्यकता पहिचान गर्ने ।

(ख) तालिम दिइने विषय वा काम यकिन गर्ने र तालिम अवधि निर्धारण गर्ने ।

(ग) सिकाइने सीप वा तालिम र गर्नुपर्ने कामको मिलान गरि तालिम दिने व्यवस्था गर्ने ।

(घ) रोजगारदाताले तालिमको लागि लिईने व्यक्तिको छनौट र तालिम संचालनको व्यवस्थापनमा संलग्न हुने ।

(ङ) तालिम संचालन गर्न आन्तरिक र बाह्य स्रोत परिचालन गर्ने ।

(च) कार्यस्थल तालिम संचालन गर्न तालिम दिने संस्था वा अन्य प्रतिष्ठानसंग सहकार्य र समन्वय गर्ने ।

(छ) निरन्तर सिकाईलाई प्रोत्साहन गर्ने ।

(ज) तालिम अनुगमन र मुल्यांकन गर्ने ।

(झ) सीप सिकाईको मान्यता र सीप सिक्न चाहनेलाई प्रोत्साहन गर्ने ।

(ञ) तालिमलाई रोजगारीसंग जोड्न आवश्यक व्यवस्था गर्ने ।

(ट) कार्यस्थलमा काम गर्ने र तालिम लिने व्यक्तिको सुरक्षा र स्वास्थ्यको लागि उचित प्रबन्ध गर्ने ।

## २.७ तालिमको मान्यता

कार्यस्थल तालिमको मान्यता र विश्वसनियता तालिम संचालन हुने प्रक्रियामा निर्भर गर्दछ । निश्चित विधि, प्रक्रिया र मापदण्डको आधारमा तालिम संचालन नभएको अवस्थामा तालिमको मान्यता हुदैन । कार्यस्थलमा आधारित तालिम संचालन गर्ने क्रममा उद्योग/प्रतिष्ठानले रोजगारदाता संस्थासंग समन्वय गरी तालिम संचालन गर्नँ यसको विश्वसनियताको लागि निकै महत्वपूर्ण हुन्छ । साथै तालिमको पाठयक्रम र तालिम अवधिको विषयमा पनि सम्बन्धित निकायवाट स्वीकृति लिनु राम्रो हुन्छ ।

कार्यस्थलमा आधारित तालिमको मान्यताको लागि तालिमको पाठ्यक्रम, तालिम अवधि प्रशिक्षार्थी छनौट, प्रशिक्षकको योग्यता, तालिम संचालन सम्वन्धी पुस्तिका, तालिमको अनुगमन, प्रशिक्षार्थीको मुल्याङ्कन तालिम सम्वन्धी अभिलेख राख्ने पद्धती महत्वपूर्ण पक्ष भएकाले तालिम दिने संस्था र उद्योग प्रतिष्ठानले यी सवै कुरालाई ध्यानमा राखी तालिम संचालन गर्नु पर्दछ । तालिम सैद्धान्तिक र व्यवहारिक सिकाईको अनुपातका सम्वन्धमा विज्ञ समूह, रोजगारदाता र तालिम दिने संस्थाले आपसी समन्वय र तालिम सिकाईलाई पारदर्शी ढंगले संचालन गर्नु पर्दछ । तालिम पूरा भएपछि प्रशिक्षार्थीको सीप परीक्षण गराउनु पर्दछ । सीप परीक्षणले रोजगारीमा जान सजिलो हुन्छ । सीप परीक्षणको लागि राष्ट्रिय सीप परीक्षण वोर्डसंग समन्वय गर्नुपर्दछ ।

## २.८ तालिम संचालन प्रकृया एवं रुपरेखा (Training Procedure & Framework):

कार्यस्थलमा आधारित तालिम कार्यक्रम संचालन गर्ने तालिम केन्द्र, रोजगारदाता संस्था, उद्योग/प्रतिष्ठान सवैले निश्चित प्रकृया र प्रारुपको आधारमा तालिम संचालन गर्ने गर्नु पर्दछ । तालिम संचालन एउटा व्यवस्थित क्रियाकलाप हो । यसको विश्वनीयता र गुणस्तर कायम गर्न विधि, प्रक्रिया र मापदण्डको अवलम्वन गर्नु जरुरी हुन्छ । कार्यस्थलमा आधारित तालिम वा सिकाईको आवश्यकता महशुस गरी तालिम दिने अभ्यास भईरहेको पाईएपनि तालिम कार्यक्रम कुनै निश्चित प्रकृया र मापदण्ड अनुसरण गरी संचालन नभएको पाईन्छ । यसर्थ कार्यस्थलमा आधारित तालिम संचालन गर्दा आवश्यक पूर्वाधार सहित तालिम दिनुपर्ने विषयको भाग, पाठ्यक्रम, तालिम अवधि, प्रशिक्षार्थी छनौट, योग्य प्रशिक्षकको व्यवस्था, तालिम अनुगमन/मूल्याङ्कन सवै विधि र प्रकृया अबलम्न गरी चरणवद्ध रुपमा तालिम संचालन गर्नुपर्दछ ।

# परिच्छेद ३

## ३. तालिम संचालनको लागि चाहिने आधारभूत कुराहरुः

### ३.१ आवश्यक जनशक्ति

तालिम दिने संस्थाले तालिम कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक जनशक्ति हुनुपर्दछ । पेशागत जानकारी सहितको आवश्यक कर्मचारी नभई तालिम कार्यक्रमलाई सफलतापूर्वक संचालन गर्न समस्या हुने भएकोले उपयुक्त र पर्याप्त जनशक्ति हुनुपर्छ । उद्योग प्रतिष्ठानले तालिम दिने संस्थासंग सहकार्य गरेर पनि आवश्यक जनशक्तिको व्यवस्था गर्न सकिन्छ ।

### ३.२ भौतिक सुविधा

तालिम दिने संस्थाले तालिम संचालन गर्न कक्षा कोठा, औजार उपकरण सहित तालिमको प्रकृति अनुसार चाहिने सवै भौतिक सुविधा र सामग्रीको व्यवस्था गर्नपर्छ । भौतिक सुविधाको अभाव वा गुणस्तरीय भौतिक सुविधा नभएको अवस्थामा प्रभावकारी एवं गुणस्तरीय तालिम प्रदान गर्न सम्भव नभएकोले भौतिक सुविधाको सुनिश्चितता हुनु जरुरी छ ।

### ३.३ तालिमको आवश्यकता अध्ययन

कुनै पनि कामको लागि सिकाईने सीप वा तालिम रोजगारमुखी र वजारको माग अनुसार हनुपर्दछ । बजारको माग अध्ययन नगरी दिइने तालिम वजारमा काम नलाग्ने हुन्छ । उद्योग/प्रतिष्ठानले कुन किसिमको सीप भएको जनशक्ति माग गर्ने गरेका छन् । सो विषयको अध्ययन गरेर तालिम संचालन गर्नु उपयुक्त एवं महत्वपूर्ण ठानिएको छ ।

प्रतिष्ठानको माग र श्रम बजारको अध्ययन गरेर तालिम संचालन गर्दा स्रोत र साधन खेर जादैन र तालिम प्राप्त गर्नेले सजिलै रोजगारी पाउने संभावना रहन्छ ।

कुन कुन क्षेत्रमा कुन काम वा पेशाको लागि के कति श्रमिकको माग छ । त्यसको राम्रो विश्लेषण गर्नु पर्दछ । पेशा र क्षेत्रको पहिचान गर्न त्यो क्षेत्रका रोजगारदातासंग समन्वय र छलफल गर्नुपर्दछ । कुन विषय वा क्षेत्रमा तालिम दिने, कति अवधिको दिने, कति जनालाई दिने, कहां दिने कुन कुन उद्योग प्रतिष्ठानमा दिने यस सम्बन्धमा तालिम दिने संस्थाले सहभागी हुन चाहने उद्योगसंग छलफल गरी यकिन गर्नुपर्छ । तालिम दिने संस्था र उद्योग/प्रतिष्ठानको समन्वयमा संचालन हुने तालिम निकै उपयोगी हुने गरेको पाईन्छ ।

### ३.४ तालिमको पाठ्यक्रम

कार्यस्थलमा आधारित तालिमको लागि तालिमको अवधि, सिकाईने सीप र उद्योगको आवश्यकता अनुसार तालिम पाठ्यक्रम निर्माण गर्नं पर्दछ । तालिम पाठ्यक्रम निर्माण गर्दा पाठयक्रम निर्माण गर्ने विज्ञले उद्योगका प्रतिनिधिसंग छलफल गर्नुपर्दछ ।

तालिम दिने संस्थाले दिने तालिमको विषयमा पाठ्यक्रम पहिले तयार भएको छ/छैन त्यो यकिन गर्नुपर्छ यदि छैन भने उद्योगका प्रतिनिधिसंगको छलफल गरी उपयुक्त पाठयक्रम बनाएर मात्र तालिम संचालन गर्नुपर्छ ।

### ३.५ तालिम संचालन सहयोगी पुस्तिका (Manual) र प्रशिक्षकको उपलब्धता

तालिमलाई प्रभावकारी रुपमा संचालन गर्न तालिम पुस्तिका (Training Manual) अति महत्वपूर्ण हुन्छ । पुस्तिकाले सैद्धान्तिक र व्यवहारिक सिकाईलाई योजनावद्ध रुपमा संचालन गर्न सहयोग पुग्छ । तालिम पुस्तिकाले तालिमलाई सहजीकरण गर्नुको साथै सिकाई र गुणस्तर पनि सुनिश्चित गर्ने भएकाले तालिमको पाठयक्रमको आधारमा तालिम पुस्तिका तयार गर्नु पर्दछ । तालिम दिने संस्थाले प्रत्येक विषयको निमित्त तालिम पुस्तिका वनाउनु पर्दछ ।

तालिम संचालनको लागि योग्य प्रशिक्षक उपलब्ध छ/छैन यकिन गर्नुपर्छ । तालिमको विषयमा प्रशिक्षकको रुपमा काम गर्ने व्यक्तिको सूचि तयार गर्नुपर्छ । आवश्यक परे प्रशिक्षक प्रशिक्षणको व्यवस्था पनि गर्नु पर्छ । प्रशिक्षणको विषय र अवधि हेरी योग्य व्यक्तिलाई प्रशिक्षकको रुपमा नियुक्त गर्नुपर्दछ । कार्यस्थलमा आधारित तालिमको प्रशिक्षक छनौट गर्दा जुन प्रतिष्ठानमा तालिम संचालन गर्ने हो सोही प्रतिष्ठानको योग्य कामदार र कर्मचारीलाई प्रशिक्षकको रुपमा छनौट गर्नु राम्रो हुन्छ । यसरी सम्बन्धित उद्योगबाट प्रशिक्षक छनौट गर्दा विषयवस्तुको राम्रो ज्ञान भएको कर्मचारी मध्येबाट छनौट गर्नुपर्छ ।

# परिच्छेद ४

## ४. तालिम संचालन सम्बन्धी प्रक्रिया एवं क्रियाकलापहरुः

कार्यस्थलमा आधारित तालिम संचालन गर्न विशेष रुपमा केन्द्रित भएर तयार गरिएको योजना चाहिन्छ । यो जना अनुरुपको प्रतिफल प्राप्त गर्न हरेक चरणको महत्व हुन्छ । त्यसर्थ तालिम संचालन योजना तथा रणनीतिलाई देहाय वमोजिम उल्लेख गरिएको छ ।

## ४.१ तालिम संचालन पूर्व योजना

तालिम पूर्वको अवस्था भनेको योजना वनाउने अवस्था हो, गुस्तरीय सिकाई वा तालिम कार्यक्रमको लागि सवै किसिमका क्रियाकलापको सम्वन्धमा स्पष्ट उल्लेख गर्नुपर्दछ ।

तालिम पूर्वको अवस्था अर्न्तगत संभावित तालिम दिनको लागि उद्योग वा प्रतिष्ठानको पहिचान, संभावित तालिम लिने व्यक्तिवाट निवेदन लिने, प्राप्त निवेदनवाट तालिम लिन प्रशिक्षार्थी छनौट गर्ने, प्रशिक्षार्थी छनौट गर्न अर्न्तवार्ता वा लिखित परीक्षा संचालन गर्ने, कुन विषयमा तालिम दिन चाहेको त्यसको छनौट गर्ने र तालिम दिने प्रशिक्षणको नियुक्ति, तालिम योजनाको कार्यान्वयन र सरोकारवालासंग समन्वयको काम गर्नु पर्दछ । यो अवस्थामा तालिम दिने संस्था उद्योग/प्रतिष्ठानले तालिम संचालन सम्वन्धी निर्देशिकाको सहयोग लिई तालिम संचालन योजना वनाउनु पर्दछ ।

## ४.२ कार्यस्थलमा आधारित सिकाईको तयारी :

१) कार्यस्थलमा आधारित तालिमको सफलताको लागि तालिम दिने संस्था, रोजगारदाताहरु र तालिममा सहभागी हुन चाहने सवैले राम्रो तयारी र योजना बनाउनु पर्दछ । तालिम दिने उद्योग/प्रतिष्ठानले प्रचलित कानुन बमोजिम गर्नुपर्ने स्वास्थ्य सुरक्षाको व्यवस्था, तालिम लिन ईच्छुकलाई तालिममा सहभागी हुन आवेदन  गर्ने अवसर, तालिमेहरुको छनौट जस्ता कुरामा ध्यान दिनुपर्दछ । तालिम प्रदायक संस्था र उद्योगले कार्यस्थलमा आधारित तालिमको योजना तयारी गर्ने क्रममा विशेषगरी  निम्नानुसार कुरामा ध्यान दिनु पर्दछ ।

२) तालिम लिन चाहने व्यक्तिले सिक्न खोजेको सीप  र गर्नुपर्ने वा सिक्नुपर्ने काम बीच मेल भएको वा नभएको यकिन गर्ने ।

३) तालिम लिने व्यक्तिलाई तालिमको क्रममा के कस्तो सहयोग चाहिन्छ त्यसको जानकारी लिने ।

४) कुन उद्योग वा प्रतिष्ठानले कुन विषयमा कार्यस्थल तालिम दिन चाहेको छ र कति जनालाई तालिम पछि रोजगारी दिने हो सो कुराको जानकारी लिने ।

## ४.३ कार्यस्थल आधारित तालिम संचालनको क्रममा ध्यान दिनुपर्ने :

कार्यस्थल आधारित तालिम संचालनको सिलसिलामा निश्चित अवस्था वा चरणबाट क्रमशः अघि बढ्नु पर्दछ । यस क्रममा तालिम प्रदायक उद्योग वा तालिम केन्द्रमा कति समय सैद्धान्तिक सिकाई हुने हो त्यो अवधि निश्चित गर्ने, साथै उद्योगमा नै काम गर्दै सिकाई हुने अवधि किटान गर्नुपर्दछ । तालिम संचालन गर्ने जिम्मेवारी लिएको जिम्मेवारी व्यक्ति वा समुहले तालिमको गुणस्तरमा ध्यान दिनु पर्दछ । तालिमको गुणस्तरको लागि योग्य प्रशिक्षकले तालिम दिई रहेको छ छैन त्यो हेर्नु पर्दछ । तालिम संचालन हुने स्थानमा तालिमको लागि आवश्यक उपकरण एवं सामग्री उपलब्ध छ छैन त्यो सुनिश्चित गर्नुको साथै तालिम लिने र दिने दुवैको हाजिरी, तालिम कक्षाको संचालन, समय तालिका वा लगबुक, तालिम संचालनको समग्र व्यवस्थापन, तालिमबाट के सिकाई भयो त्यसको विवरण र कार्य सम्पादन मुल्यांकन तथा अन्तिम परीक्षा र प्रमाणपत्र वितरण गर्ने कार्यसंगै तालिम संचालनको क्रममा यी सवै चरण र पक्षमा ध्यान दिनु तालिम सफलताका लागि आवश्यक ठानिएकोछ ।

कार्यस्थलमा आधारित तालिम व्यवहारिक सीप सिकाईमा बढी केन्द्रित हुनुपर्दछ । तालिमको अवधि किटान भएपछि २० प्रतिशत सैद्धान्तिक र ८० प्रतिशत व्यवहारिक सीप सिकाई हुने गरी तालिम संचालन गर्नुपर्दछ । यो अनुपातलाई गर्नुपर्ने काम र सीप सिकाईको प्रकृति हेरी सामान्य रुपमा तल माथि गर्न सकिन्छ ।

## ४.४ कार्यस्थल तालिमको लागि उद्योगको छनौट :

कार्यस्थलमा आधारित तालिम संचालन चरणबद्ध रुपमा हुनु पर्दछ । चरणवद्ध रुपमा संचालित तालिमले मात्र तालिमको विश्सनीयता र गुणस्तर कायम गर्न सहयोग पुग्छ । उद्योगको छनौट कार्यस्थल तालिमको महत्वपूर्ण चरण हो । तालिमको विषयमा ईच्छुक र सम्बन्धित उद्योगहरुलाई यस प्रकृयामा सहभागी गराउनु जरुरी हुन्छ । तालिम संचालन र संचालन गरिएको तालिमका सहभागीलाई रोजगारीमा जोड्नको लागि सम्बन्धित उद्योगको छनौट निकै महत्वपूर्ण हुन्छ । यस कारण तालिम संचालन गर्ने संस्था वा तालिम सम्बन्धी प्रकृयामा संलग्न समूह वा पदाधिकारीले देहायको कुरा सुनिश्चित गर्नुपर्दछ ।

(क) सीप सिकाईसंग सम्बन्धित उद्योगहरु र कार्य क्षेत्र र तालिमको क्रममा सिक्नुपर्ने सीप वा काम सम्बन्धि उद्योग वा उद्योग क्षेत्रको सूची तयार गर्ने ।

(ख) कार्यस्थल तालिम संचालनको लागि छनौट भएका तलिमलाई आफ्नो उद्योग वा प्रतिष्ठानमा काम सिकाईको लागि सहयोग गर्ने वा आवश्यक सुविधा उपलब्ध गराउने सम्बन्धित उद्योगबाट प्रतिवद्धता लिने ।

## उद्योग वा प्रतिष्ठान छनौट गर्ने रुजु सूची :

उद्योग/प्रतिष्ठान छनौट गर्न देहायको बमोजिम रुजु सूची तयार गरी काम गर्ने ।

क) संभावित उद्योगको सूची तयार गर्ने ।

ख) ईच्छुक उद्योगको सूची तयार भए/नभएको यकिन गर्ने ।

ग) संभावित उद्योगको लागि अभिमुखीकरण वा जानकारी दिने कार्यक्रम आयोजना गर्ने ।

घ) कार्यस्थल तालिम संचालन गर्न चाहने उद्योगको उपयुक्तता मुल्यांकन गरिएको छ/छैन यकिन गर्ने ।

ङ) मुल्यांकनबाट छनौट गरिएका उद्योगलाई जानकारी पठाई सकिएको छ/छैन हेर्ने ।

च) तालिम दिने उद्योगले तालिमको लागि लिने संख्या उल्लेख गरी समझदारीपत्रमा हस्ताक्षर भएको छ/छैन यकिन गर्ने ।

## ४.५ तालिम संचालन सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने ।

कार्यस्थलमा तालिम संचालन गर्ने तालिम दिने संस्था वा उद्योग वा रोजगारदाता संस्थाले सो सम्बन्धि सूचना जारी गर्ने । यस्तो सूचना जारी गर्दा तालिमको विषय, योग्यता, संख्या, लक्षित समुह उल्लेख गर्नुपर्छ :

क) कम्तिमा एउटा दैनिक पत्रिका सहित विभिन्न संचार माध्यमबाट सूचना जारी गर्ने ।

ख) यस्तो सूचना कम्तिमा ३० दिनको समय अवधि तोकी प्रकाशित गर्ने ।

ग) रोजगारदाता र कामदारका संगठन लगायत स्थानिय निकाय, रोजगार सेवा केन्द्र र सम्बन्धित पदाधिकारीलाई यस सम्बन्धी जानकारी पठाउने ।

घ) रोजगार सेवा केन्द्रमा वेरोजगारको सूचीमा रहेकालाई तालिममा सहभागि हुन आवेदन गर्न लगाउने ।

## ४.६ तालिमको लागि प्राप्त दरखास्तको अध्ययन एवं प्रशिक्षार्थी छनौट :

तालिम लिन इच्छुक व्यक्तिबाट दरखास्त संकलन गर्ने काम निकै महत्वपूर्ण मानिन्छ । दरखास्त संकलन गर्ने क्रममा लक्षित समूहबाट दरखास्त आए नआएको सुनिश्चित गर्नुपर्छ । तालिम दिईने संख्या भन्दा कम्तिमा ३० प्रतिशत थप संख्यामा प्रशिक्षार्थी छनौट गर्नुपर्छ । तालिम संचालनको क्रममा तालिम छोडेर जाने वा तालिम लिन निवेदन दिने तर पछि तालिममा संलग्न नहुने संभावना रहने हुंदा चाहिने संख्यामा बढाई तालिम लिने व्यक्तिको छनौट गर्नु राम्रो हुन्छ ।
दरखास्तको अध्ययन मूल्यांकन गरी देहायको आधारमा तालिम लिने व्यक्तिको संख्या यकिन गर्नुपर्दछ ।

| प्रकृया | छ | छैन |
|---|---|---|
| ३० प्रतिशत बढी उम्मेद्वार रहने गरी दरखास्त संकलन भएको | | |
| आवश्यक कागजात र विवरण सहित दरखास्त प्राप्त भएको | | |
| तोकिए बमोजिम वा पर्याप्त मात्रामा महिलाबाट दरखास्त आएको | | |

तालिम संचालनको सुचना पछि ईच्छुक व्यक्तिले कार्य स्थलमा आधारित तालिममा सहभागी हुन निवेदन वा दरखास्त दिन सक्छन् । ईलेक्ट्रोनिक माध्यम वा भौतिक रुपमा प्राप्त हुनसक्छन्, प्राप्त भएका निवेदन को छानविन गरी तोकिएको वमोजिम प्राप्त हुन आएका दरखास्त दिनेहरुको सुची तयार गर्नुपर्दछ । तालिम लिन ईच्छुक व्यक्तिबाट अनुसूची – १ बमोजिमको ढांचामा दरखास्त माग गर्न सकिन्छ ।

## ४.७ प्रशिक्षार्थी छनौट पद्धति

प्रशिक्षार्थी छनौटको मापदण्ड तयारी गर्ने र सो अनुसार प्रशिक्षार्थीको रुची, तालिम प्राप्त गरे पछि काम गर्ने प्रतिबद्धता, सिकाई प्रतिको लगाव आदिको परीक्षण गरी प्ररिक्षार्थी छनौट गर्नुपर्छ । यी प्रकृया र चरणमा तालिमको विषय सम्वन्धी उद्योग र व्यवहारिक सिकाईको लागि सहकार्य गर्ने संस्थासंग समन्वय गर्नुपर्छ ।

## ४.८ प्रशिक्षार्थी छनौट समितिको गठन :

तालिमको लागि प्रशिक्षार्थी छनौट गर्न एक समिति गठन गर्नुपर्दछ । समितिमा तालिम दिने संस्थाको प्रतिनिधि, तालिमको लागि प्रशिक्षार्थी लिन इृच्छुक उद्योगहरुको प्रतिनिधि, स्वतन्त्र विज्ञ र रोजगारदाता एवं श्रमिक संगठनका प्रतिनिधिहरु समावेश गर्नुपर्दछ । यो समितिको मुख्य काम र जिम्मेवारी तालिमको लागि ईच्छुक र उपयुक्त आवेदक मध्येवाट प्रशिक्षार्थी छनौट गर्नु हो ।

## ४.९ प्रशिक्षार्थी छनौटको अनुगमन गर्नुपर्ने :

तालिमको लागि आवेदक वा उम्मेद्वार छनौट गर्ने क्रममा सुपरीवेक्षण वा अनुगमन गर्नुपर्दछ। सुपरीवेक्षण गर्दा छनौट कमिटी कसरी निर्माण भएको छ त्यो हेर्नु पर्दछ। छनौट कमिटीले आवेदकको अन्तरवार्ता लिने, के कस्तो तयारी र आधार तय गरेको छ त्यो हेर्नु पर्दछ। अनुगमन समितिले छनौट गरिएका प्रशिक्षार्थी र प्रशिक्षकको अन्तिम सूची ठिक छ छैन हेर्नु पर्ने हुन्छ। तालिम दिने संस्थाले छनौटको अंक सहित प्रशिक्षार्थी छनौट भएको अन्तिम सूची र छनौट समितिको निर्णय उपलब्ध गराउनु पर्दछ।

सैद्धान्तिक सिकाईको लागि तालिम केन्द्रमा आधारित तालिमको सम्बन्धमा निम्न प्रकृया पूरा गर्नुपर्दछ ।

(क) अभिमुखीकरण, त्रिपक्षीय सम्झौता र दर्ता प्रकृया अभिमुखीकरणमा सहभागी हुने प्रशिक्षार्थी प्रशिक्षकको हाजिरी, व्यक्तिगत विवरण र परिचय रुजु गर्ने । अनुगमन समितिले यो सवै कुरालाई उद्योग र प्रशिक्षार्थीबाट उपलब्ध सूचनाको आधारमा प्रमाणित गर्नुपर्दछ ।
तलिमको लागि छनौट भएका प्रशिक्षार्थी र उद्योग/प्रतिष्ठान वा तालिम दिने संस्था बीच अनुसूची – २ बमोजिम सम्झौता गरेर कार्यस्थल तालिम संचालन गर्नुपर्छ ।

(ख) तालिम केन्द्रमा दिईने तालिमको गुणस्तर सुनिश्चित गर्न तालिम संचालन गर्ने समूहले पाठ्यक्रममा दिईएका मापदण्डलाई निरन्तर अनुसरण गरी सन्दर्भमा लिनु पर्दछ । दैनिक सिकाईको पाठ योजना बनाउनुको साथै उद्योगसंग नियमित सम्बाद र पृष्ठपोषण लिने गर्नु पर्दछ । पाठ योजना र पढाईका विषयवस्तुको योजना गर्दा सैद्धान्तिक र व्यवहारिक सिकाई बीचको संतुलन मिलाउने गरी तालिम सामाग्री तयार गर्नुपर्दछ ।

## ४.१० तालिम अनुगमन समिति गठन एवं अनुगमन गर्नुपर्ने :

तालिम अनुगमन समिति गठनः यो निर्देशिका अनुसार कार्यस्थलमा आधारित तालिमको अनुगमन गर्न उद्योग प्रतिष्ठान, रोजगारदाता संस्था विज्ञ र सरोकारवालाको प्रतिनिधि रहेको अनुगमन समिति गठन गर्नुपर्दछ ।

तालिमको विश्वसनियता र गुणस्तरिय सीप सिकाईको लागि तालिम संचालनको अवधिमा अनुगमन र सुपरीवेक्षण गर्ने व्यवस्था हुनु जरुरी छ। तोकिएको प्रकृया र मापदण्ड अपनाई तालिम संचालन भईरहेको छ / छैन, तालिममा संलग्न प्रशिक्षकबाट पाठ्यक्रम अनुसार सिकाई भए/नभएको र प्रशिक्षार्थीले अपेक्षित ज्ञान र सीप सिकाई गर्न सकेका छ वा छैन सो कुरा यकिन गर्नुपर्छ। सुपरीवेक्षणको भुमिकाको जिम्मेवारीमा रहेको वा सुपरीवेक्षणमा खटिने वा संलग्न हुने व्यक्तिले निम्न बमोजिम काम गर्नुपर्छ ।

क. तालिम संचालन भईरहेको स्थानको स्थलगत अनुगमन गर्ने र तालिम संचालन बारे जानकारी लिने ।

ख. तालिम संचालनमा देखिएका समस्या र कमजोरी सुधार गर्न सिफारिस गर्ने ।

ग. तालिम कार्यक्रम सम्बन्धमा भईरहेको उपलब्धी, तालिम कार्यक्रममा भईरहेको राम्रा अभ्यास बारे प्रतिवेदन मार्फत जानकारी गराउने ।

घ. तालिम कार्यक्रम संचालन गर्दा कुनै अनियमितता, तालिम दिने काममा संलग्न प्रशिक्षक कर्मचारीबाट प्रशिक्षार्थीबाट कुनै लापरवाही भए वा नभएको बारे जानकारी लिने ।

ङ. अनुगमनको लागि चेकलिष्ट बनाई तालिम सम्बन्धी महत्वपुर्ण पक्ष वा विषयको जानकारी लिई प्रतिवेदन पेश गर्ने ।

च. कामदार तथा प्रशिक्षार्थी सवैको लागि सुरक्षा र स्वास्थ्य सम्बन्धि उचित प्रबन्ध गरेको छ/छैन, बचाउन साधन उपलब्ध गराएको छ/छैन यकिन गरि प्रतिवेदन दिने ।

## ४.११ तालिमको लागि प्रशिक्षक छनौट :

कार्यस्थलमा आधारित तालिम संचालन गर्न तालिम केन्द्र वा उद्योगले प्रशिक्षणको लागि योग्य व्यक्ति छनौट गर्नुपर्छ, प्रशिक्षक छनौट गर्दा तालिमको विषय, सिकाईको पाठ्यक्रम, तालिम अवधि, तालिमको स्तर (Level) हेरी प्रशिक्षकको योग्यता, अनुभव तोकी प्रशिक्षक छनौट गर्नुपर्दछ । प्रशिक्षकको छनौट सम्भव भएसम्म प्रतिष्ठानकै सिकाई हुने विषयमा अनुभवि सुपरभाइजर र कम्तिमा तालिम दिईने तह भन्दा एक तह माथिको सुपरभाइजर हुनु पर्दछ ।

## ४.१२ तालिम संचालन खर्च :

(क) यो निर्देशिका वमोजिम कार्यस्थमा आधरित तालिम संचालन गर्ने उद्योग/प्रतिष्ठानले तालिम संचालन गर्दा लाग्ने खर्चको व्यवस्थापन आफैले व्यहोर्नुपर्छ । साथै तालिमका प्रशिक्षार्थीलाई प्रचलित कानून वमोजिम पारिश्रमिक वा भत्ता दिनु पर्ने भएमा सो समेत दिनु पर्छ ।

(ख) तालिम संचालन गर्ने तालिम केन्द्र वा रोजगारदाता संस्था वा उद्योगले कार्यस्थलमा आधारित तालिम संचालनको लागि कुनै संस्थावाट आर्थिक सहयोग प्राप्त गरी तालिम संचालन गर्न सकिन्छ ।

## ४.१३ तालिमको मिति, स्थान निर्धारण र द्विपक्षीय सम्झौता :

प्रशिक्षार्थी छनौट पछि सैद्धान्तिक ज्ञान र व्यवहारिक सीप सिकाईको लागि स्थान निर्धारण गर्ने र तालिम संचालन हुने मिति तोकि छनौट भएका प्रशिक्षार्थीलाई जानकारी गराउनुपर्दछ ।

तालिमको लागि प्रशिक्षार्थी वा तालिम लिने व्यक्तिको छनौट, तालिम संचालन हुने मिति र स्थान निर्धारण भएपछि तालिमको लागि छनौट भएका प्रशिक्षार्थी र तालिम दिने उद्योग प्रतिष्ठान बीच अनुसूची – २ बमोजिमको ढांचामा द्विपक्षीय सम्झौता गर्नुपर्छ । यदी तालिम कार्यक्रम तालिम केन्द्र, उद्योग वा उद्योगको प्रतिनिधित्व गर्ने संस्थाको साझेदारी वा सहकार्यमा संचालन हुने भएमा सवै पक्ष बीच सम्झौता गर्नुपर्दछ ।

## ४.१४ कक्षा कोठा र व्यवहारिक सीप सिकाईको व्यवस्था

कार्यस्थलमा आधारित तालिमको सैद्धान्तिक ज्ञान र व्यवहारिक सिकाई कति हुने त्यो स्पष्ट भएपछि सो अनुसार तालिम दिन आवश्यक कक्षा कोठा र उद्योगको कार्यस्थलको व्यवस्था मिलाउनु पर्दछ । कक्षाकोठा तालिम दिने संस्था वा प्रतिष्ठानले उपलब्ध गराउन सक्दछन । व्यवहारिक सिकाईको लागि उद्योग प्रतिष्ठानले निश्चित कार्यस्थल उपलब्ध गराउनु पर्दछ । प्रशिक्षकले तालिम अवधिभर नियमित रुपमा प्रशिक्षार्थीलाई गर्नुपर्ने काम र काम गर्न सिक्ने प्रकृयामा सहजीकरण गर्नुपर्छ ।

## ४.१५ मुल्यांकन/परीक्षा

प्रत्येक तालिमको समाप्तिको अन्तमा तालिमका लागि सहभागी प्रशिक्षार्थीले सिकेको सीपको मुल्याकंन वा जांच प्रकृयामा सहभागी हुनुपर्दछ । पाठ्यक्रम र सिकाईको लक्ष्य अनुसार सीप सिकाई भयो भएन भन्ने यकिन गर्ने प्रकृया नै मुल्याकंन भएकोले हरेक प्रशिक्षार्थीको मुल्याकंन पद्धति विश्वसनीय र सिकाईको सही परीक्षण हुने गरी गर्नुपर्दछ ।

## ४.१६ प्रमाणपत्र वितरण

तालिमको अवधि पूरा भए पछि प्रत्येक प्रशिक्षार्थीलाई अनुसूची–३ बमोजिम प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्दछ ।

तालिम संचालक वा तालिम दिने संस्था र तालिम संचालनमा संलग्न प्रतिष्ठान र व्यवसायको प्रतिनिधित्व गर्ने संस्था-उद्योग वाणिज्य संघले संयूक्त रुपमा तालिमको प्रमाणपत्र उपलब्ध गराउनु तालिमको मान्यता र विश्वसनीयताको लागि निकै महत्वपूर्ण मानिएको हुन्छ ।

# परिच्छेद ५

## तालिम सम्पन्न पछिका गतिविधिः

### ५.१ सीप परीक्षण (Skill Testing)

कार्यस्थलमा आधारित तालिम पुरा भएपछि तालिम प्राप्त गर्ने व्यक्तिको सीप परीक्षण जरुरी हुन्छ। सीप परीक्षणले सिकाईको गुणस्तर र स्तरीकरण र मान्यता (Recognition) को काम गर्दछ। साथै यसवाट तालिम लिने व्यक्तिलाई रोजगारीमा थप सुनिश्चितता प्रदान गर्दछ। नेपालमा यस्तो सीप परीक्षण National Skill Testing Board (NSTB) बाट हुने गरेको छ।

### ५.२ सम्बन्धित उद्योग/प्रतिष्ठानलाई रोजगारीको निमित्त सिफारिस

तालिम दिने संस्थाले यदि तालिम केन्द्र वा रोजगारदाता संस्था भएमा तालिम पूरा भएपछि तालिम प्राप्त व्यक्तिलाई रोजगारीको निमित्त सम्बन्धित उद्योग प्रतिष्ठानमा सिफारिस गर्ने कामपनि गर्नुपर्दछ। तालिम दिने संस्थाले सिफारिसका लागि संभावित उद्योगहरुसंग समन्वय र सम्पर्कमा रही तालिम प्राप्त व्यक्तिलाई सिफारिस गर्नुपर्छ। कार्यस्थल तालिम उद्योग/प्रतिष्ठानको संलग्नतामा संचालन हुने भएकोले तालिम पछि उद्योगले तालिम पाएका व्यक्तिलाई रोजगारी दिने व्यवस्था गर्नुपर्दछ।

### ५.३ अनुगमन

तालिम लिएका व्यक्ति सवै तुरुन्त रोजगारीमा नजाने संभावना रहन्छ। तत्काल रोजगारीमा नगएका व्यक्ति कहां के गर्दैछन त्यसको अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ। अनुगमन गर्ने व्यवस्थाले सीपयुक्त जनशक्तिको तथ्याङ्क यकिन गर्न सजिलो हुन्छ।

### ५.४ तालिम लिएका व्यक्तिले रोजगारी प्राप्त गरेको अभिलेख राख्नुपर्ने

तालिम दिने प्रत्येक संस्थाको लागि तालिम पछि रोजगारीमा लागेका व्यक्तिको अभिलेख राख्नुपर्छ। यसवाट श्रम वजारको अवस्था र तालिम प्राप्त व्यक्तिको स्थिति थाहा पाउन सकिन्छ। तालिम सम्बन्धी अभिलेखले तालिम दिने संस्थालाई तालिम कार्यक्रम संचालन गर्न श्रम बजारको स्थिति थाहा पाउन र गुणस्तर सुधारमा सहयोग पुग्छ।

### ५.५ तालिम कार्यक्रमबाट परेको प्रभावको विश्लेषण

तालिम दिने संस्थाले आफूले संचालन गरेको तालिमवाट के कस्तो प्रभाव पऱ्यो त्यसको लेखा जोखा गर्नुपर्छ। प्रदान गरिएको तालिमले रोजगारदाताको आवश्यकता पूरा भयो भएन, रोजगारी सुनिश्चित भयो भएन त्यस्को जानकारी लिने गर्नुपर्दछ। साथै तालिमवारे तालिम लिने र रोजगारी दिनेको धारणा के रह्यो सो को विश्लेषण गर्नुपर्छ। यसवाट तालिम कार्यक्रमलाई परिमार्जन, तालिमको विषय छनौट र सीप सिकाईमा सुधार गर्न सकिन्छ।

(अनुसूची १)

# कार्यस्थलमा आधारित तालिमको लागि दरखास्त तथा निवेदनको ढांचा

श्री ................ उद्योग तथा तालिम प्रदायक संस्थाको नाम ........................ Photo

तहां उद्योग/तालिम केन्द्रबाट मिति ....................... मा प्रकाशित सूचना अनुसार संचालन हुने कार्यस्थालमा आधारित तालिम कार्यक्रमको .................. विषयको सीपमूलक तालिममा सहभागी भई तालिम लिने र तालिमसंगै उद्योग प्रतिष्ठानमा काम गर्ने मेरो ईच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी आवश्यक काजगपत्रको प्रतिलिपि संलग्न गरी यो दरखास्त पेश गरेको छु।

| | |
|---|---|
| १. निवेदकको नाम, थर | ----- ----- ----- ----- |
| २. निवेदकको ठेगाना | ----- ----- ----- ----- |
| (क) स्थायी ठेगानाः | ----- ----- ----- ----- |
| (ख) अस्थायी ठेगानाः | ----- ----- ----- ----- |
| (ग) सम्पर्क टेलिफोनः | ----- ----- ----- ----- |
| (घ) इमेलः | ----- ----- ----- ----- |
| ३. उमेर : ......... वर्ष | ४. लिङ्ग : महिला/पुरुष/अन्य |
| ५. वैवाहिक स्थिति : | विवाहित/अविवाहित |
| ६. शैक्षिक योग्यता : | |
| ७. हालको पेशा | |
| ८. रोजगार सूचना प्रणालीमा दर्ता | |
| ९. यस अघि कुनै तालिम लिएको | |

छ भने निम्न बमोजिम उल्लेख गर्ने :

| तालिमको विषय | तालिमको अवधि | तालिम लिएको मिति ........ देखि ........ सम्म | तालिम दिने संस्था |
|---|---|---|---|
| | | | |
| | | | |

१०. तालिम प्राप्त गरेपछि रोजगारी पाएको– छ/छैन

११. तालिम पछि आफ्नै काम वा स्वरोजगार रहेको – छ/छैन

१२. कार्यस्थलमा आधारित तालिममा सहभागी हुन चाहेको कारण के हो। निम्न बमोजिम उल्लेख गर्ने।

(क) ..............

(ख) ..............

१३. तालिम प्राप्त गरेपछि उद्योगमा काम गर्न उद्योगसंग सम्झौता गर्न :

## संलग्न कागजात :

(१) नेपाली नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र
(२) शैक्षिक योग्यताको प्रमाणपत्र
(३) पहिले लिएको तालिमको प्रमाणपत्र
(४) अन्य कुनै सम्बन्धित प्रमाणपत्र

आवेदकको दस्तखतः

मितिः

(अनुसूची– २)

# कार्यस्थलमा आधारित तालिम सम्बन्धमा
# उद्योग प्रतिष्ठान र प्रशिक्षार्थी कामदार वीचको सम्झौताको ढाँचा

.................... उद्योग/व्यवसाय/प्रतिष्ठान -यसपछि प्रथम भनिएका) र ...................... प्रशिक्षार्थी कामदार (यसपछि दोश्रो पक्ष भनिएको) बीच ......... प्रदेश........... जिल्लाको ......... पक्ष गाउंपालिका/नगरपालिका स्थित श्री ...................... उद्योगमा संचालन हुने कार्यस्थलमा आधारित तालिम कार्यक्रममा प्रथम पक्षले दोस्रो पक्षलाई संलग्न गराउने र दोस्रो पक्षले प्रथम पक्षद्वारा संचालन हुने कार्यस्थलमा आधारित तालिममा रसिक हुने मञ्जुर गरी तपसीलमा उल्लेखित शर्तमा अधिनमा रही प्रथम पक्षको कार्यालयमा यो द्विपक्षीय सम्झौता गरिएको छ ।

१. तालिम सम्बन्धी विवरण : देहाय वमोजिम संचालन हुने तालिम कार्यक्रममा दोस्रो पक्ष सहभागि हुने ।

| प्रशिक्षार्थी कामदारको नाम, ठेगाना | तालिममा सिकाईने मुख्य सीप | तालिम अवधि शुरु अन्त्य | तालिमको प्रकार | मुल्यांकनको आधार | कार्य समय |
|---|---|---|---|---|---|
| | | | | | |

२. तालिम संचालनको तरिका Modality: ........(उल्लेख गर्ने)

३. तालिममा सरिक हुने कामदारले पाउने सुविधा - निम्न वमोजिम उल्लेख गर्ने)

(क) पारिश्रमिक.........

(ख) भत्ता..........

(ग) यातायात/खाना/खाना

४. तालिम कार्यक्रम सम्पन्न भए पश्चात रोजगारी दिन सकिने संभावना भएमा उद्योग/प्रतिष्ठानले प्रशिक्षार्थीसंग सल्लाह गरी रोजगारी दिन सक्नेछ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई रोजगारी दिने भएमा रोजगार सम्झौता गर्नुपर्नेछ । रोजगार सम्झौतामा रोजागारीको किसिम, पारिश्रमिक सुविधा, रोजगारीको अवधि र अन्य आवश्यक शर्त खुलाउनुपर्नेछ ।

६. प्रथम पक्षले कार्यस्थलमा आधारित तालिमको अवधिमा प्रशिक्षार्थी कामदारको स्वास्थ्य र सुरक्षा सम्वन्धमा प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नुपर्नेछ ।

७. प्रशिक्षार्थी कामदारले तालिम अवधिमा नियमित रुपमा तालिममा सहभागी हुने र प्रतिष्ठानको प्रशिक्षक वा सुपरभाईजरको निर्देशन र आचार संहिता पालना गर्नुपर्नेछ ।

८. कार्यस्थलमा आधारित तलीम दिने उद्योग/प्रतिष्ठानले प्रशिक्षार्थी कामदारलाई पारश्रमिक दिनुपर्ने भएमा देहाय बमोजिम पारिश्रमिक भुक्तानी गर्न सकिनेछ ।

(क) छोटो अवधि अर्थात १ महिन वा सो भन्दा कम अवधिको तालिम भएमा तालिम समाप्त भएपछि

(ख) एक महिना भन्दा बढी अवधिको तालिम भए प्रत्येक महिना भुक्तान भएको ७ दिन भित्र ।

९. कार्यस्थलमा आधारित तालिमको लागि तालिम दिने संस्था वा प्रतिष्ठानलाई कुनै संस्था वा सरकारी निकायबाट अनुदान वा सहयोग प्राप्त भई पारिश्रमिक भुक्तानी दिनुपर्ने भएमा पारिश्रमिक रकम र अवधि उल्लेख गर्नुपर्नेछ ।

१०. यो संझौताको अवधि हस्ताक्षर भएको मिति ले ............. हुनेछ ।

११. उद्योग प्रतिष्ठान र तालिम प्राप्त गर्ने प्रशिक्षार्थीले तालिम पूरा गरेपछि रोजगारी सम्बन्धमा छुट्टै संझौता गर्न सक्नेछन् ।

१२. तालिम पूरा गरेपछि दुवै पक्षले प्रचलित कानूनको अधिनमा रही आपसी सहमति गरी निश्चित समयसम्म उद्योग प्रतिष्ठानमा काममा लगाउन र काम गर्न यो सझौताले बाधा पार्ने छैन ।

१३. प्रचलित कानूनको अधिनमा रही उद्योग प्रतिष्ठान र प्रशिक्षार्थीले आवश्यकता हेरी यो सम्झौताको अवधि थप गर्न र सम्झौतामा उल्लेखित शर्तहरुमा हेरफेर गर्न सकिनेछ ।

१४. सम्झौतामा उल्लेखित शर्तहरुको पालना नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई तालिम दिन मनाही गरी सम्झौता भंग गर्न सक्नेछ ।

उपरोक्त शर्तहरुमा मञ्जुर भई दुवैपक्षले यस सम्झौतामा सहीछाप गरेका छौं ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट : | प्रथम पक्षको तर्फबाट : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| | पद : |
| | संस्थाको छाप : |
| रोहबर | |
| दोस्रो पक्षको तर्फबाट : | प्रथम पक्षको तर्फबाट : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| ठेगाना : | पदः |

ईति सम्बत् २०    साल .......... महिना.............. गते रोज.............

(अनुसुची-३)

# कार्यस्थलमा आधारित तालिमको प्रमाणपत्रको ढाँचा

प्रमाणपत्र संस्था :

**फोटो**

................................ प्रदेश................. जिल्ला............ गा.पा/नपा.............. वडा नं. .......... बस्ने श्री .................. ले मिति २०................. देखि ................... सम्म .......... मा संचालित .............. अवधिको कार्यस्थलमा आधारित ................. विषयको तालिममा सहभागी भई सफलतापूर्वक तालिम सम्पन्न गर्नु भएको यो प्रमाणपत्र प्रदान गरिएको छ ।

## Certificate

This is to certiy that Mr/Mrs/Ms ………………………… resident of ……………. Has successfully completed the workbased Training Programme in ………….. held at ……….. from …………………………. To ………………..

| **प्रशिक्षकको नाम :** | **उद्योग प्रतिष्ठानकोतर्फबाट :** | **तालिम दिने संस्थाकोतर्फबाटः** |
|---|---|---|
| नामः | नामः | नामः |
| दस्तखतः | दस्तखतः | दस्तखत : |

**उद्योग वाणिज्य संघको तर्फबाट :**

नाम :

दस्तखत :

**प्रकाशनः**

कार्यस्थलमा आधारित तालिम संचालन निर्देशिका,
(Worked Based Training Guidlines)

प्रकाशक

नेपाल उद्योग वाणिज्य महासंघ

सहयोग

ILO Country Office for Nepal

लेखक:
श्री हंसराम पाण्डेय, वरिष्ठ परामर्शदाता, नेपाल उद्योग वाणिज्य महासंघ
एवं परामर्शदाता RBSA Skills Programme

(सर्वाधिकार नेपाल उद्योग वाणिज्य महासंघसंग सुरक्षित छ ।)